# कार्यालय सहायक पदमा सिफारिस हुनु भएका श्री राम नन्दन ठाकुरलाई योग्यताक्रमको सूचीबाट नाम हटाई बैकल्पिक उम्मेदवार (प्रतिक्षा सुची) को १ नम्बर मा सिफारिस हुनु भएका श्री सूर्य कुमार महतोलाई स्थायी नियुक्ति पत्र बुझ्न आउने बारेको जरूरी सूचना !

सूचना प्रकाशित मिति २०८२।०६।२३ गते

खेहरुको नाती, शिवको छोरा बरहथवा-१७, सर्लाही स्थायी ठेगाना भएका तपाई श्री राम नन्दन ठाकुरलाई परिषद्को पदपूर्ति समितिको मिति २०८२।०५।२० गतेको सिफारिस अनुसार सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र परिषद्को बिज्ञापन नम्बर १२७/०८०-०८१ (मधेशी) प्रशासन सेवा, सामान्य प्रशासन समूहको सहायकस्तर द्वितीय श्रेणीको कार्यालय सहायक पदमा स्थायी नियुक्ति पत्र बुझ्न आउनु पर्नेमा तपाई हालसम्म पनि परिषद्को सेवामा तपाईले तोकिएको म्यादभित्र नियुक्ति पत्र बुझ्न नआउनु भएको हुँदा प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् कर्मचारी सेवा शर्त तथा सुविधा सम्बन्धी विनियमावली, २०६९ (छैटौं संशोधन सहित) को बिनियम ३३(३) बमोजिम तोकिएको म्यादभित्र नियुक्ति लिन वा हाजिर हुन नआएको साथै तपाईले बाग्लुङ्ग जिल्लाको नसिखोला गाउँपालिका स्थानीय तहमा काम गरिरहेको हुनाले हाल उक्त पदमा म आफ्नो राजिखुशीले नियुक्ति नलिने भन्ने व्यहोराको पत्र परिषद् कार्यालयमा इमेल मार्फत प्राप्त हुन आएकोले तपाईको नाम उक्त पदको योग्यताक्रमको सूचीबाट हटाइएको व्यहोरा परिषद् कार्यालयको मिति २०८२।०६।२३ गतेको निर्णयानुसार जानकारी गराइन्छ ।

साथै उक्त पदमा बैकल्पिक (प्रतिक्षा सुची) उम्मेदवारको १ नम्बरमा सिफारिस हुनु भएका गर्भूका नाति, राम अशिषका छोरा, धनगढीमाई -१२, सर्लाही, स्थायी ठेगाना हुनु भएका रोल नम्बर १२५२०५२ का उम्मेदवार श्री सूर्य कुमार महतोलाई यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र उक्त पदमा स्थायी नियुक्ति पत्र बुझ्न आउनु हुनको लागि यो सूचना प्रकाशित गरिएको व्यहोरा जानकारी गराइन्छ ।

**प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्**

**प्रशासन महाशाखा, सानोठिमी, भक्तपुर ।**

२०८२/०६/२३
बद्री प्रसाद दाहाल
प्रशासकीय अधिकृत